Youth Action Nepal
युवा कार्य नेपाल
www.youthaction.org.np

D.A.O. Regd. No. 1049/060/061
S.W.C. No. 17001
G.P.O. Box: 9776, Tel No.: 977-01-6215580
91/71 Sahayog Marg, Anamnagar, Kathmandu, Nepal
Email: youthactionnepal@ntc.net.np

# प्रेस विज्ञप्ती

विस्तृत शान्ति सम्झौता भएको दुई वर्ष पूरा भएको छ । विस्तृत शान्ति सम्झौतामा नेपाल सरकार र नेकपा माओवादीले जनाएका प्रतिबद्धताहरूको हालसम्म पनि पूर्ण पालना हुन सकिरहेको छैन । शान्ति सम्झौता कार्यान्वयनका लागि विभिन्न समयमा भएका थप सहमति र सम्झौताको कार्यान्वयनको अवस्था पनि सन्तोषजनक  छैन । आजको प्रमुख सवाल भनेको विस्तृत शान्ति सम्झौता र त्यसको कार्यान्वयनका लागि भएका विभिन्न थप सहमतिहरूको पूर्ण कार्यान्वयन गर्नु हो भने दिगो र न्यायपूर्ण शान्ति निर्माण प्रक्रियाको ठोसरूपमा थालनी गर्नु नै त्यसको पहिलो आधार हो ।

संविधानसभामार्फत् देश गणतन्त्रात्मक भएको छ । जनप्रतिनिधिहरूमाार्फत् संविधान लेख्ने प्रक्रिया सुरु भए पनि यसले खास गति लिन सकिरहेको छैन । नेपालीहरूको भविष्य संविधान लेखनमार्फत् पुनर्संरचित हुने नयाँ नेपालसँग जोडिएको छ । यसरी पुनर्संरचित हुने नेपालमा युवाले देख्न चाहेको शान्त, समुन्नत र न्यायपुर्ण नेपाल सम्भव हुन्छ कि हुँदैन वा त्यस्ता आधारहरू तय हुन सक्छन् कि सक्दैनन्, युवावर्गको आजको चिन्ता र चासो यही रहेको छ ।

संविधान लेखन प्रक्रिया त्यति सहज छैन । विश्वमा करिव २०० राष्ट्रमा लिखित संविधान छ । यीमध्ये करिव ३५-४० देशले मात्र संविधानसभामार्फत् संविधान बनाएका हुन् । तर संविधानसभा बनाइएका देशहरूमध्ये पनि सबैले सफलता प्राप्त गर्न नसकेको इतिहास पाइन्छ । यो निराशावादी कुराभन्दा पनि विश्व इतिहास र तथ्यहरूबाट हामीले केही सिक्नुपर्छ भन्ने कुरा हो । इतिहासबाट हामीले केही नसिक्ने हो भने हाम्रो नयाँ नेपालको सपनामाथि पनि तुषारापात हुन सक्छ । र, त्यो दुर्भाग्यपूर्ण हुन सक्छ, युवा समुदायको चिन्ता यही हो । देशका अगुवा र सरोकारवालाहरूलाई झक्झक्याउन खोजेको विषय पनि यही हो कि हाम्रो संविधान राम्रो संविधान हुनुपर्छ, तोकिएको समयमा लेखिनु पर्दछ र त्यसबाट हाम्रो समुन्नत नेपालको सपना साकार हुनुपर्छ ।

संविधानसभाले भर्खरै आफ्नो कार्यविधी पनि तय गरिसकेको छ । प्रत्यक्षरूपमा नेपाली नागरिकको चाहना, वलिदान, सपना र भविष्यसँग जोडिएको दिगो र न्यायपुर्ण शान्ति अनि त्यसका लागि समयमा नै संविधान लेख्ने कुराका थुप्रै चुनौतीहरू पनि छन् । त्यसैले शान्ति प्रक्रिया र संविधान लेखन प्रक्रियासँग जोडिएका निम्न कुराहरूलाई ध्यान दिन र उचित उपायहरू अवलम्बन गर्न हामी नेपाल सरकार, संविधानसभाका सदस्यहरू, राजनीतिक दल र सरोकारवाला सबैसँग अनुरोध गर्दछौं :-

- राम्रो संविधान निर्माणभन्दा पनि दलगत सवाल र स्वार्थले प्राथमिकता पाउने व्यवहारको अन्त्य
- सङ्क्रमणकालको उचित व्यवस्थापन
- दण्डहीनताको अन्त्य
- नागरिक सुरक्षाको उचित व्यवस्था
- संविधानको विषयमा नपर्ने विभिन्न समयमा उठेका वा संविधानसभाका समयमा उठ्न सक्ने नागरिकका माग एवं अपेक्षाहरूको सकारात्मक व्यवस्थापन,
- राष्ट्रियताभन्दा पनि विशेष समूहको लागि आइरहेका र आउन सक्ने दवाव, प्रभाव आदिको पहिचान र व्यवस्थापन,
- साझा एजेण्डाहरूको तय
- निर्वाचनताका तथा विभिन्न सयमयमा विभिन्न समुहहरूसँग गरिएका संविधानले पूरा गर्न नसक्ने व्यावहारिकभन्दा बढी आवेशपुर्ण र भावनात्मक प्रतिबद्धताको व्यवस्थापन,
- नेपालको संविधानसभा जनसङ्ख्या र देशका आधारमा अत्याधिक ठूलो भएकोले संविधानसभाको आफ्नै व्यवस्थापन
- सर्वस्विकार्य विधि र सर्वसम्मतिमा संविधान निर्माण
- विभिन्न पृष्ठभूमिबाट आएका संविधानसभाका सदस्यहरू र दलहरूको रुचि र चाहनाको उचित समायोजन
- माओवादी सेनाको उचित र सर्वस्विकार्य समायोजन प्रक्रियाको थालनी
- सङ्घीय शासनप्रणालीप्रतिको समान बुझाइको विकास
- राजनीतिक दलका भातृ सङ्गठन विशेषगरी युवा सङ्गठनहरूको बढ्दो विद्रोही र आक्रामक व्यवहारको व्यवस्थापन

धन्यवाद !

पवन राय
अध्यक्ष
युथ एक्सन नेपाल